केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/०४/०६९/७० मिति: २०६९/०६/०३

**सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको लागि देहायका विषयको सम्बन्धमा देहाय बमोजिम गर्ने नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

(१) यस बैंकबाट जारी एकीकृत निर्देशन, २०६९ को निर्देशन नं. २ को बुँदा नं. २४ मा भएको व्यवस्थालाई संशोधन गरी देहाय बमोजिमको व्यवस्था कायम गरिएको छ। साथै, निर्देशन नं. ६ को बुँदा नं. १२ मा भएको व्यवस्थालाई समेत सोही बमोजिम हुने गरी संशोधन गरिएको छ।

*"इजाजतपत्रप्राप्त संस्थाले अर्को इजाजतपत्रप्राप्त संस्थाका संचालक, प्रमुख कार्यकारी अधिकृत वा व्यवस्थापन तहको पदाधिकारीलाई शिक्षा कर्जा, हायर पर्चेज कर्जा, घर कर्जा वा घरायसी प्रयोजनका सामग्री कर्जा बाहेक निजहरुको व्यक्तिगत नाममा अन्य कुनै किसिमका कर्जा प्रवाह गर्न सक्ने छैनन्।*

*तर सरकारी ऋणपत्र वा Credit Card अन्तर्गत कर्जा लिन यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन।*

*यो निर्देशन जारी हुनु पूर्व लिएको कर्जा २०७१ असार मसान्तभित्र नियमित गर्नु गराउनु पर्ने छ।"*

(२) नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७६ र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा २८ बमोजिम इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था बाहेक अन्य कुनै पनि संस्थाले निक्षेप तथा कर्जाको कारोवार गर्न नपाउने प्रष्ट कानुनी व्यवस्था भएकोमा विभिन्न व्यापार व्यवसाय गर्ने प्राइभेट कम्पनीहरुले प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा बैंक तथा वित्तीय संस्थाहरुसंग मध्यस्थता गरी आफ्ना ग्राहकहरुलाई हायर पर्चेज लगायत विविध किसिमका ऋणहरु उपलव्ध गर्ने/गराउने गरेको भन्ने बुझिन आएको हुँदा त्यसरी ऋण प्रवाह नगर्नु नगराउनु हुन यो निर्देशन जारी गरिएको छ।

(३) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ४७ को उपदफा (४) को खण्ड (ढ) बमोजिम राष्ट्र बैंकले तोकेका अन्य काम गर्ने व्यवस्था अन्तरगत रही इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाले चाहेमा प्रचलित कानुन बमोजिम सम्बन्धित निकायको स्वीकृति लिई वीमा प्रिमियम बाहेक अन्य थप शुल्क लिन नपाउने गरी आफ्ना ऋणी सदस्यहरुको वीमा अभिकर्ताको रुपमा कार्य गर्न सक्ने छन्।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

(४) बैंक तथा वित्तीय संस्थाको एक प्रतिशत वा सो भन्दा बढी शेयर धारण गरेका शेयरधनी वा निजको व्यक्तिगत वा साझेदारी फर्मले सम्बन्धित बैंक तथा वित्तीय संस्थाको ऋणी फर्म/कम्पनी/संस्थाको लेखापरीक्षण गर्न पाईने छैन ।

भवदीय,

भाष्करमणि ज्ञवाली
कार्यकारी निर्देशक

बोधार्थ :

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, आ.का.वि. तथा नी.वि. महाशाखा, सिंहदरबार, काठमाडौं ।
४. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
९. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
१०. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
११. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
१२. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
१३. श्री नेपाल वित्तीय संस्था संघ, जमल, काठमाण्डौं ।
१४. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं ।